# नेपालको सार्वजनिक ऋण प्रतिव्यक्ति ७३ हजार ८ सय ६० रुपैयाँ, तिर्न बाकी ऋण साढे २१ खर्ब नाघ्यो

काठमाण्डा, ८ जेठ। नेपालले तिर्न बाँकी सार्वजनिक ऋणको दायित्व साढे २१ खर्ब रुपैयाँ नाघेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार वैशाख मसान्तसम्ममा नेपालले १० खर्ब ८३ अर्ब ४७ करोड ४९ लाख आन्तरिक र १० खर्ब ७० अर्ब ६४ करोड ९० लाख बाह्य गरी कुल २१ खर्ब ५४ अर्ब १२ करोड ३९ लाख रुपैयाँ बराबर ऋण तिर्न बाँकी रहेको देखिएको हो।

चालु आर्थिक वर्ष २०७९/८० सुरु हुँदा अर्थात् गएको वर्ष असार मसान्तसम्ममा नेपालको सार्वजनिक ऋण २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख रुपैयाँ बराबर थियो। चालु आर्थिक वर्षको पछिल्लो १० महिना अवधिमा मात्र एक खर्ब ४० अर्ब ८२ करोड ७५ लाख रुपैयाँ बराबर ऋण थपिएको हो।




नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को आकार ४८ खर्ब ५१ अर्ब ६२ करोड रुपैयाँलाई आधार मान्दा जीडीपीमा सार्वजनिक ऋणको अनुपात ४४ दशमलव ४० प्रतिशत बराबर देखिएको छ। जीडीपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र न्यून पुँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आउँदा दिनमा देशको अर्थतन्त्रलाई जोखिममा पार्नेसक्ने देखिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको १० महिना अवधिमा मात्र सरकारले दुई खर्ब ३० अर्ब २४ करोड ६७ लाख ऋण उठाएको छ भने एक खर्ब ४३ अर्ब ४२ करोड दुई लाख रुपैयाँ बराबर साँवा ब्याज तिरेको छ।

वैशाख मसान्तसम्ममा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा गरेको खर्च करिब १८ अर्ब रुपैयाँले बढी हो। वैशाख मसान्तसम्ममा सरकारको पुँजीगत खर्च एक खर्ब २५ अर्ब ६७ करोड रुपैयाँ बराबर छ।

यसरी एकातर्फ सरकारको राजश्व असुली न्यून हुंदा ऋण उठाएर घाटा बजेट पूर्ति भइरहेको छ भने अर्कोतर्फ बर्सेनि थपिँदै गएको ऋणको साँवा ब्याजसमेत बढ्दै जाँदा वार्षिक बजेटको ठूलो अंश यसमा खर्च हुने गरेको छ।

चालु आर्थिक वर्षको १० महिनामा सरकारले आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीमा एक खर्ब १० अर्ब ४२ करोड ५८ लाख र बाह्य ऋणको साँवा ब्याज भुक्तानीमा ३२ अर्ब ९९ करोड ६२ रुपैयाँ खर्चिएको छ। आन्तरिकतर्फको साँवा रकम ६३ अर्ब ४७ करोड ४४ लाख, ब्याज ४६ अर्ब ८५ करोड तीन लाख र कमिसन रकम १० करोड ११ लाख रुपैयाँ बराबर रहेको छ। त्यस्तै, बाह्य ऋणतर्फ साँवा भुक्तानीमा २५ अर्ब ९४ करोड ४८ लाख र ब्याज भुक्तानीमा सात अर्ब पाँच करोड १४ लाख रुपैयाँ बराबर खर्च भएको कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म सरकारले उठाएको आन्तरिक ऋण एक खर्ब ५९ अर्ब ५० करोड र बाह्य ऋण ७० अर्ब ७४ करोड रुपैयाँ बराबर रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ बराबर छ। कुल सार्वजनिक ऋणलाई कुल जनसङ्ख्यासँग तुलना गर्दा प्रतिव्यक्ति ऋण ७३ हजार आठ सय ६० रुपैयाँ बराबर पर्न जान्छ।

# वित्तीय अपराध नियन्त्रण कानूनलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन सरकार प्रतिवद्ध छ : मन्त्री गुरुङ



काठमाडौं, ८ जेठ। कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले वित्तीय अपराध नियन्त्रणमा नेपालको कानूनलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ।

सोमवारको प्रतिनिधि सभा अन्तर्गतको कानून,न्याय तथा मानव अधिकार समितिको बैठकमा सम्पती शुद्धीकरण निवारण ऐन विधेयकको विषयमा बोल्दै मन्त्री गुरुङले यस्तो बताउनुभएको हो। उहाँले सम्पती शुद्धीकरण निवारण विधेयक छिट्टै संसदबाट पास गरेर मनी लाउण्डरिङको कालोसूचिमा पार्नबाट जोगाउन आवश्यक रहेको बताउनु भयो। उहाँले आर्थिक अपराध नियन्त्रण राज्यको दायित्व हो भन्नेकुरा स्थापित गर्न पनि २०८० जेठभित्र प्रश्तुत विधेयक पारित गर्न, थप दण्डसजाय व्यवस्था गर्न आवश्यक रहेको बताउनु भयो।

मन्त्री गुरुङले आर्थिक अपराधमा अनुसन्धान तथा अभियोजन प्रभावकारी बनाउन र नियमन तथा सुपरीवेक्षणतर्फ कमजोर देखिएका क्षेत्रमा उल्लेख्य रुपमा सुधार गर्न विधेयक पास हुनुपर्ने बताउनु भयो। उहाँले सम्पती शुद्धीकरण निवारण ऐन विधेयक बनाएर आर्थिक अपराध नियन्त्रणमा सरकार प्रतिवद्ध छ भन्ने सन्देश नेपाली जनता र अन्तर्राष्ट्रिय समुदायमा जान सक्नुपर्ने बताउनु भयो। उहाँले नेपाललाई अन्तर्राष्ट्रिय रुपमा कालोसूचिमा पर्नबाट जोगाउन भएपनि सरकारले प्रश्तुत गरेको विधेयकलाई समितिको प्राथमिकतामा राखि पारित गरित गर्न आग्रह गर्नुभयो।

उहाँले विधेयक ल्याउन ढिला भइसकेकाले समितिले छिटै निस्कर्षमा पुऱ्याएर वित्तीय अपराध नियन्त्रणमा सहयोग गर्नुपर्ने बताउनु भयो।उहाँले सम्पती शुद्धीकरण निवारण संशेधन ऐनमा घरजग्गा सम्बन्धि व्यवसायमा कारोबार गर्ने व्यक्तिले लाइसेन्स लिएर मात्रै त्यस्तो कारोबार गर्न सकिने व्यवस्था गरिएको बताउनु भयो। उहाँले क्यासिनो विषयमा ऐनबाट नै नियमन गर्ने,सहकारीको नियमनलाई प्रभावकारी बनाउने गरी आएको बताउनुभयो।

## 'मिटर ब्याजी' विरुद्ध ...

जिल्ला अदालतको आदेश अनुसार कारगार चलान भएका थिए। यादव र रौंनियार उच्च अदालतको आदेशले छुटिसकेका छन् भने परदेशी कारागारमै छन्।

अनुचित लेनदेन अर्थात् मिटरब्याज सम्वन्धी जाँचबुझ आयोगले गत वैशाख २० गते सदरमुकाम मलंगवा स्थित जिल्ला प्रशासन कार्यालय मलंगवामा सरोकारवालाहरुसँग अन्तरक्रिया सहित प्रारम्भिक जानकारी लिने र आवश्यक सल्लाह सुझाव संकलन गरेको थियो।

मधेश प्रदेशको राजधानी जनकरपुरधाममा आयोगको कार्यालय स्थापना भएपश्चात आयोगका अध्यक्ष गौरीबहादुर कार्की र सदस्य उत्तमराज सुवेदी उक्त दिन सर्लाही आएर मिटरब्याज पीडित, नागरिक समाज, जनप्रतिनिधि, सुरक्षा अधिकारी, दलका प्रतिनिधि, मिटरब्याजविरुद्धका अभियन्ता लगायत अन्य सरोकारवालासँग मलंगवामा छलफल गरी प्रारम्भिक अवस्था बुझेर फर्किनुभएको थियो।

## चक्रघट्टा गाउँपालिकामा ...

कृष्ण कुमार यादवले कृषि क्षेत्रको उत्पादकत्व बढाउने उदेश्यले माटो परीक्षण गरिएको बताउनुभयो। यसपालिकामा अधिकांश कृषि आधारित परिवारहरु छन्।

परीक्षणले माटोमा देखिएका समस्याहरुको समाधान हुने अध्यक्ष यादवले किसानलाई आशवासन दिनुभयो। परीक्षणले माटोमा देखिएको समस्या पहिचान गरि त्यसको समाधान गरि कृषिबाट किसानले अपेक्षाकृत उत्पादन गर्ने सक्ने यादवले बताउनुभयो।

कार्यक्रमका पालिकाका प्रमुख प्रशासकीय अधिकृत संजिव कुमार यादव, कृषि शाखा प्रमुख रामईश्वर यादव लगायतको उपस्थिति रहेको थियो।


# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चन्द्रनगर, सर्लाही
## मधेश प्रदेश, नेपाल

# सिलवन्दी दरभाऊ पत्र आव्हान सम्वन्धी सूचना

**प्रथम पटक प्रकासित मिति:२०८०/०२/०९ गते**

यस कार्यालयलाई आवश्यक पर्ने तपसिलका खरिद कार्यहरु सिलवन्दी दरभाउ पत्रवाट गर्नु पर्ने भएकोले नेपाल सरकारवाट सम्वन्धीत कार्यको लागि इजाजत प्राप्त, मूल्य अधिवृद्धि करमा दर्ता भएको ईच्छुक फर्म, कम्पनी, सप्लायर्सहरुवाट निम्न सर्तहरुको अधिनमा रहि शिलवन्दी वोलपत्र आव्हान गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माथिको कार्यको लागि ईजाजत पत्र प्राप्त भई नविकरण भएको ईच्छुक फर्म, कम्पनी वा सप्लायर्स वा निजको प्रतिनिधिले निवेदन साथ आबयकर दर्ता प्रमाण पत्र आ.व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्र र मुल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपि साथै राखी शिलवन्दी दरभाउ पत्र पछी फिर्ता नहुने गरी यस गाउँपालिकाको राजश्व शाखा वा नविल वैंक लिमिटेड चन्द्रनगर शाखाको खाता नं.22801017500031 (CHANDRANAGAR GA. PA. 1. 1 AANTARIK RAJASHWAKHATA) मा दाखिला गरि स्पेसिफिकेशन सहितको दरभाउ पत्र फारम प्रशासन शाखा वाट प्राप्त गर्न सकिने छ।
२. खरिद भएको दरभाउ पत्रको हकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ वजे भित्र यस कार्यलयमा दर्ता गराइ सक्नु पर्नेछ र सोहि दिन दिनको २:०० वजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा दर्ता हुन आएको दरभाउ पत्रहरु खोलिनेछ।
३. दरभाउ पत्र खरिद गर्ने ,दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु बिदाको लगतै कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।
४. जमानत वापत रकम नगद जम्ममा गर्दा यस कार्यालयको नाममा रहेको नविल बैंक लिमिटेड चन्द्रनगर शाखाको खाता नं. 22801017500016 (CHANDRANAGAR GA. PA. 3.0 DHARAUTIKHATA) मा जम्मा गर्नु पर्नेछ।
५. दरभाउ पत्र स्विकृत भएमा दरभाउ पत्र दाताले कवोल अंकको नियमानुसार धरौटी वापतको रकम को वैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा छ महिना म्याद भएको परफरमेन्स वोन्ड कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ।
६. दरभाउ पत्रमा आईटम वाइज अंक र अक्षर दररेट र जम्मा रकम स्पष्ट लेख्नु पर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
७. म्याद नाघी बबएको र रित नपुगेको वा शर्त राखिएको दरभाउँ पत्र उपर कुनै कारवाही हुने छैन।
८. दरभाउ पत्र दाताले आफ्नो दरभाउ पत्र साथ दरभाउ पत्र सम्वन्धी कारवाहीमा निजि स्वार्थ नवाझिएको र सो सम्वन्धी कसुरमा कारवाही नरहेको स्वघोषणा पेश गर्नु पर्नेछ।
९. दरभाउ पत्र फारममा उल्लेख भएको सामानको परिमाणमा कार्यालयले आवश्यक्ता अनुसार कार्यालयले थपघट गर्न सक्नेछ।
१०. दरभाउपत्रवाला वाट पेश भएको दरभाउपत्रमा उल्लेखित आइटमहरु मध्ये पुर्ण वा आंशिक रुपमा कारण जनाई वा नजनाई स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
११. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन वमोजिम हुनेछ।

**कममको विवरण**

| दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान | वोलपत्र दस्तुर | जमानत वापतको रकम | कैफियत |
|---|---|---|---|---|---|
| 01/2079-80 Goods | Supply And Delivery of Electronics Item | 19,99,950 | 1000 | 60000 | |